प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

# दैनिक गतिविधि

फ्याक्सः ०६१-५२०३३०
टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३५०
PHEOC: ०६१-५२४०७४

शुक्रबार, श्रावण २३, २०७७



गण्डकी प्रदेश, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माद्वारा गण्डकी प्रदेशमा भैरहेका कोरोना नियन्त्रण, व्यवस्थापन र उपचार सम्बन्धि तथा पोषण सम्बन्धि क्रियाकलापको बारेमा National Nutrition Cluster meeting मा प्रस्तुतीकरण राख्नुभएको छ ।



गण्डकी प्रदेश, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा र रेडियो नेपाल, क्षेत्रिय प्रशारण केन्द्र, पोखराका कार्यालय प्रमुख सहित अन्य प्रतिनिधिहरु बीच छलफल सम्पन्न भएको छ । गण्डकी प्रदेशले संचालन गरिरहेको कोरोना नियन्त्रण, व्यवस्थापन तथा उपचार सम्बन्धि कार्यमा रेडियो नेपालको भूमिका बारेमा छलफल भएको छ ।



Mass Testing को कार्यलाई निरन्तरता दिने क्रममा हिजो नेपाल आयल निगमका ट्याङ्कर चालक, विभिन्न पेट्रोल पम्पमा कार्यरत कर्मचारी लगाएत केही स्वास्थ्यकमी गरी १०५ जनाको स्वाब संकलन भएको छ। हिजो मात्रै गण्डकी प्रदेशको क्षयरोग उपचार केन्द्रमा ५७२ जनाको नमुना परिक्षण भएको छ ।



हिजोबाट स्याङ्गजा जिल्ला अस्पतालमा हेमोडायलायसिस (Hemodialysis) सेवा संचालन भएको छ ।



गण्डकी प्रदेशका सबै स्थानीय तहहरुमा रहेका स्वास्थ्य संस्थाहरुमा यो जोखिमको अबस्थामा पनि स्तनपान सप्ताह विभिन्न कार्यक्रम गरि सम्पन्न गर्नुभएको छ । सबै स्वास्थ्यकर्मी तथा सरोकारवालाहरु प्रति स्वास्थ्य निर्देशनालय हार्दिक आभार प्रकट गर्दछौ ।



सुत्केरी हुन नसकेर ताकम, म्याग्दीबाट पोखरा रिफर गरिएकी फुलमाया सुनारलाई गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयले हेलिकप्टरबाट उद्धार गरी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा ल्याईएको छ ।

**घरभित्रै बसौं, सुरक्षित रहौं ।**

**घर बाहिर निस्कदा**

**अनिवार्य रुपमा मास्क र स्यानिटाइजरको प्रयोग गरौं ।**

कुल संक्रमित : १५८७
निको हुने दर : ८७%
क्वारेन्टाइनमा रहेका : १०११

# गण्डकी प्रदेशमा कोभिड-१९ संक्रमितका जिल्ला स्तरीय विवरण

कुल सक्रिय केस : २००
निको भएका : १३८३
मृत्यु भएको : ४




Updated
2077-04-23
5:00 pm

## गण्डकी प्रदेशमा कोभिड-१९ संक्रमणको संक्षिप्त विवरण




| | मुस्ताङ | मनाङ | म्याग्दी | पर्वत | गोरखा | लमजुङ | कास्की | तनहुँ | बाग्लुङ | स्याङ्जा | नवलपरासी पूर्व | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा संक्रमित | 1 | 1 | 47 | 103 | 113 | 111 | 168 | 184 | 248 | 283 | 328 | 1587 |
| जम्मा डिस्चार्ज | 1 | 1 | 41 | 97 | 105 | 99 | 125 | 172 | 236 | 201 | 305 | 1383 |
| आइसोलेसनमा रहेका | 0 | 0 | 6 | 6 | 7 | 12 | 43 | 12 | 11 | 80 | 23 | 200 |

**कोरोना नियन्त्रण तथा अन्य स्वास्थ्य सम्बन्धि सामाजिक बिकाश मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको अनुरोध**

कोरोनाको संक्रमण सम्भावना यथाबत नै छ, घरबाहिर निस्कदा मास्कको प्रयोग गरौ, एक पटक प्रयोग भएको मास्क दोस्रो पटक प्रयोग नगरौ, घर भित्र प्रवेश गर्नुअघि साबुनपानी वा स्यानीटाईजरले हात धोवौं, विदेशबाट आएका तथा टोलछिमेकमा शंका लागेका व्यक्तिहरुलाई कोरोना परिक्षणका लागि प्रोत्साहन गरौ तर वहाहरुलाई अपमानजनक ब्यबहार नगरौ,डेङगुको संक्रमण बढिरहेको छ, लामखुट्टेको टोकाईबाट बचौ, आफ्नो वरिपरी सफा राखौ ।

वर्षातको समयमा खानेपानी उमालेर मात्रै खाने गरौ,स्वास्थ्यकमीको सम्मान गरौ,

कुनैपनि स्वास्थ्य समस्या भएमा आफु नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौ,

कोरोना नियन्त्रण तथा अन्य स्वास्थ्य समस्याहरुको ब्यबस्थापनमा जिम्मेवार नागरिकको पहिचान दिऔं, आफु पनि बचौ, अरुलाई पनि बचाऔं ।

# गण्डकी प्रदेशमा कोभिड १९ संक्रमित महिला र पुरुषको जिल्लागत विवरण




# गण्डकी प्रदेशको कोभिड १९ संक्रमितको डिस्चार्ज विवरण





नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा